## ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ११ प्रकाशित मिति : २०७९/११/०३


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९

**प्रस्तावनाः**

ताँजाकोट गाउँपालिका क्षेत्रमा रहेका सबै सामुदायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी संख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकाले ताँजाकोट गाउँपालिकाको कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) तथा शिक्षा ऐन, २०७९ को परिच्छेद ३ को दफा (११) ज. ११ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान कार्यविधि बनाइएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक संक्षिप्त नाम र परिभाषा**

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "**शिक्षक दरबन्दी मिलान कार्यविधि**, २०७९" रहेको छ।

(ख) यो कार्यविधि ताँजाकोट गाउँपालिकाभर लागू हुनेछ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले ताँजाकोट गाउँपालिका बुझ्नुपर्नेछ।

(ख) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई बुझ्नुपर्नेछ।

(ग) "उपाध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नुपर्नेछ।

(घ) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ।

(च) "शिक्षा समिति" भन्नाले ताँजाकोट गाउँपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ।

(छ) "दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, अस्थायी बढुवाका शिक्षक, शिक्षक अनुदान कोटा (राहत) मा रहेका शिक्षक, गाउँपालिकाको अनुदानबाट पारिश्रमिक पाउँने शिक्षक, अपाङ्ग शिक्षक, महिला परियोजनामा रहेका शिक्षक र यस्तै अन्य स्केल अनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकहरुको दरबन्दी मिलान कार्यविधि बमोजिम दरबन्दीको वितरण तथा व्यवस्थापनलाई सम्झनुपर्छ।

(ज) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०७९

(झ) "तह" भन्नाले विद्यालयको तह बुझ्नुपर्नेछ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ट) "शिक्षा प्रमुख" भन्नाले गाउँपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम

तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नुपर्नेछ।

(ठ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ड) "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने बुझ्नुपर्छ।

(ढ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ताँजाकोट गाउँपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(त) "कार्यदल" भन्नाले ताँजाकोट गाउँपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९ बमोजिम गठित शिक्षक दरबन्दी मिलान कार्यदल भन्ने सम्झनुपर्दछ।

## परिच्छेद-२

## विवरण अद्यावधिक

**१. विवरण अध्यावधिक गर्ने :**

(१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरूको विवरण अध्यावधिक गर्नुपर्ने छ। विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दबन्दी लगायत सरकारी अनुदानबाट तलब खाने गरी शिक्षक छनौट प्रक्रिया पूरा गरी आएका हाल कार्यरत स्थायी अस्थायी शिक्षकहरूको विवरण अद्यावधिक गर्नुपर्ने छ। अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ। अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ।

**२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने:**

(१) विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्दा ५० जना विद्यार्थी बराबर एक जना शिक्षक मानी अनुपात निकाल्नु पर्नेछ।

## परिच्छेद-३

### विद्यालयगत रूपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरू

३.१ कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी संखया रहेपनि न्यूनतम २ ओटा दरबन्दी कायम गर्ने ।

३.२ खण्ड ३.१ बमोजिमको विद्यालयमा एकसठ्ठी ६१ जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ (तीन) ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा १५० (एक सय पचास) जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा गाउँपालिका शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.३ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी संख्या भएपनि न्यूनतम ३ (तीन) ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.४ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १२० देखि १४९ सम्म भई ४ जना शिक्षक कार्यरत रहेको (स्वीकृत दरबन्दी वा राहतको कोटा वा गाउँपालिका अनुदानको शिक्षक) अवस्थामा ४ ओटा दरबन्दी कायम गर्ने ।

३.५ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १५० जना वा सोभन्दा बढी भई त्यस विद्यालयमा ५ जनासम्म दरबन्दी रहेको भए ५ ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा २५० जना भन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा ताँजाकोट गाउँपालिका शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.६ कक्षा १-८ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहे पनि न्यूनतम ७ जना (प्रा.वि. ३ जना र नि.मा.वि.४ जना) शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा गाउँपालिका अनुदानको) कायम गर्ने ।

३.७ खण्ड ३.६ बमोजिमको विद्यालयमा २४० वा सो भन्दा बढी विद्यार्थी संख्या भई प्रा.वि. र नि.मा.वि.तहमा गरी ९ ओटासम्म दरबन्दी कायम रहेको भए यथावत् रहन दिने, तर ४०० जनाभन्दा बढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान

प्रदान नगर्ने । सोभन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा गाउँपालिका शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.८ कक्षा ९-१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी संख्या भएपनि न्यूनतम ५ ओटासम्म (दरबन्दी वा राहत वा गाउँपालिका अनुदान) शिक्षक दरबन्दी कायम गर्ने । सोभन्दा शिक्षक संख्या थप वा घट गर्नुपर्दा विद्यार्थी संख्याको आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.९ कक्षा ९-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी संख्या भएपनि न्यूनतम ८ (५ जोड ३) ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा गाउँपालिका अनुदान) कायम गर्ने ।

३.१० खण्ड ३.९ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा गाउँपालिका अनुदान) थप गर्नुपर्दा उच्च माध्यमिक शिक्षक दरबन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आधारमा गर्ने ।

३.११ कक्षा ६-१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम ९ (नि.मा.वि. ४ र मा.वि. ५ जना) दरबन्दी (स्वीकृत वा राहत वा गाउँपालिका) कायम गर्ने ।

३.१२ खण्ड ३.११ बमोजिम भन्दा बढी दरबन्दी थप गर्नु पर्दा गाउँपालिका क्षेत्रका विद्यालयमा ३०० विद्यार्थी नपुग्दासम्म तहगतरूपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

३.१३ कक्षा ६-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम १० (नि.मा.वि. ३ र मा.वि. ४, उ.मा.वि. ३) दरबन्दी (स्वीकृत वा राहत वा गाउँपालिका अनुदान) कायम गर्ने ।

३.१४ खण्ड ३.१३ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी थप गर्नु पर्दा गाउँपालिका क्षेत्रका विद्यालयमा ४०० विद्यार्थी नपुग्दासम्म तहगत रूपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा गाउँपालिका शिक्षा नियमावली अनुसार कायम गर्ने ।

## परिच्छेद-४

## दरबन्दी मिलानका थप प्रक्रिया र आधारहरु

४. दरबन्दी मिलानको क्रममा अपनाउने थप प्रक्रिया तथा आधारहरू

(क) शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम विद्यार्थी संख्या र विषयका आधारमा तोकिएको न्यूनतम शिक्षक संख्या हाल रहन दिने ।

(ख) न्यूनतम विद्यार्थी संख्या कायम गर्दा शिक्षा नियमावली अनुसार तोकिएको विद्यार्थी संख्याको न्यूनतम ४० प्रतिशत विद्यार्थी हुनुपर्ने । त्यसभन्दा कम विद्यार्थी संख्या भएमा त्यस्ता विद्यालयहरूलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

(ग) हालको लागि खण्ड ४ (ख) मा उल्लेख भएको विद्यार्थी संख्या न्यूनतम विद्यार्थी संख्याको रूपमा तोकिए पनि विद्यार्थी संख्या बढाई शिक्षा नियमावली अनुसार पुऱ्याउनु पर्ने ।

(घ) भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र मर्ज गर्न नसकिने विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

(ङ) कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्न । तर जुन विद्यालयमा शिक्षक पद पूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिकाले शिक्षा विकास तथा समन्वय इकाइबाट अनुमति लिई शिक्षक नियुक्ति लागि प्रक्रिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने ।

(च) दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको हकमा न्यूनतम विद्यार्थी संख्या र शिक्षक संख्या कायम गर्ने ।

## परिच्छेद-५

## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

५. अपाङ्गता भएका शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरूले चाहेको विद्यार्थी शिक्षक अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।

६. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी संख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरूलाई सम्बोधन गर्ने ।

७. सर्वप्रथम सम्बन्धित वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरूको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने । स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म कक्षा ११ र १२ चलिरहेको माविमा पठाउने व्यवस्था गर्ने ।

८. दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरूको संख्या एकीन गरी सारांश विवरण तयार गर्ने ।

९. महिला र अपांगता भएका शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्टतम् भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन आउने शिक्षकलाई गाउँ शिक्षाको पुलमा राख्ने ।

१०. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन अनुदान समेत वितरण नगर्ने । नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ती गर्न अनुमति नदिने र सरूवा गरेर पनि पदपूर्ति नगर्ने । उक्त पद दरबन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिने ।

११. दरबन्दी नभएको विद्यालयमा मिलानपछि शिक्षक व्यवस्था गर्नु परेमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी काज सरुवा गर्ने ।

१२. शिक्षक दरबन्दीका मिलानका लागि खटाउदा फिडर प्रावि तथा लिडर मा.वि. को अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरूमा खटाउन सिफारिस गर्ने ।

१३. दरबन्दी मिलान कार्यअवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति नियम निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गर्ने गराउने ।

## परिच्छेद-६

## शिक्षक दरबन्दी मिलान कार्यदलको गठन

१४. **शिक्षक दरबन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदल गठन गर्न सकिनेछ। दरबन्दी मिलान समितिका पदाधिकारीहरु देहाय बमोजिम रहने छन्ः–**

क. शिक्षा, शाखा प्रमुख - संयोजक

ख. गाउँपालिकाको अध्यक्षबाट मनोनित सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना प्रधानाध्यापक र आधारभूत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना प्रधानाध्यापक समेत गरी दुई जना- सदस्य

ग. शिक्षकका पेसागत संघ/संगठनमा आवद्ध घटकहरु मध्येबाट शिक्षक महासंघले छानी पठाएका तीन जना - सदस्य

घ. शिक्षा शाखाका प्रमुखबाट तोकिएको शिक्षा शाखाका अधिकृत कर्मचारी - सदस्य सचिव

१५. शिक्षा, युवा तथा खेलकुद शाखाका तथ्याङ्क हेर्ने सहायक कर्मचारी तथा अन्य दुई जना जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ।

१६. समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ।

१७. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम कार्यपालिकाले व्यवस्था गर्नेछ।

१८. दरबन्दी कार्यदलको काम कर्तव्य र अधिकार

क) अनुसूची १ को (क),(ख), (ग), (घ) र (ङ) बमोजिमको ढाँचामा शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलानका लागि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या एकीन गर्ने। र अनुमोदनका लागि शिक्षा समितिमा पेस गर्ने।

ख) कार्यपालिकाबाट स्वीकृत भइ आएको दरबन्दी मिलानका लागि कायम गरिएको दफा १८ खण्ड (क) बमोजिमको तहगत तथा विषयगत शिक्षक संख्या अनुसूची

२ बमोजिमको (क), (ख), (ग), (घ) र (ङ) तहगत फाराममा चढाई शिक्षकहरुलाई वितरण गर्ने ।

ग) शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा वियगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफारिस गर्ने ।

घ) गाउँपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

ङ) यस कार्यदलले आवश्यक मापदण्डहरु तय गर्न सक्नेछ ।

**परिच्छेद-७**

**विविध**

१९. **कार्यविधिको व्याख्या**ः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।

२०. **कार्यविधि संसोधन**ः यस कार्यविधिका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

२१. **बाधा अड्चन फुकाउ**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

## अनुसूची १

शिक्षक मिलान कार्यदलले शिक्षक दरबन्दी मिलानको लागि विद्यालयमा भएका मौजुदा शिक्षक संख्या र दरबन्दी मिलान पछि कायम हुने शिक्षक संख्या भरेर मात्र शिक्षकहरुले भर्ने विद्यालय छनौट फारम वितरण गर्ने ।

क) कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कुल विद्यार्थी सङ्ख्या | मौजुदा शिक्षक सङ्ख्या | मिलानका लागि कायम गरिएको दरबन्दी | थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी सङ्ख्या | कैफियत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | गाउँपालिका | स्थायी | करार | गाउँपालिका | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

ख. कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | विद्यालयको नाम | | वडा नं. | टोल | कुल विद्यार्थी सङ्ख्या | मौजुदा शिक्षक सङ्ख्या | | | मिलानका लागि कायम गरिएको दरबन्दी | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | गाउँपालिका | स्थायी | करार | गाउँपालिका | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

## ग. कक्षा ६-८ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | वियालयको नाम | वडा नं. | टोल | कुल वियार्थी सङ्ख्या | विषय | मौजुदा शिक्षक सङ्ख्या | | | मिलानका लागि कायम गरिएको दरबन्दी | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम वियार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| १ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |

## घ. कक्षा ९-१० सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | वियालयको नाम | वडा नं. | टोल | कुल वियार्थी सङ्ख्या | विषय | मौजुदा शिक्षक सङ्ख्या | | | मिलानका लागि कायम गरिएको दरबन्दी | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम वियार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| १ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |

## ङ.कक्षा ११-१२ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | वियालयको नाम | वडा नं. | टोल | कुल वियार्थी सङ्ख्या | विषय | मौजुदा शिक्षक सङ्ख्या | | | मिलानका लागि कायम गरिएको दरबन्दी | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम वियार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| १ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |

## अनुसूची २

## शिक्षकले भर्ने विद्यालय छनौट फाराम

### क. आधारभूत तह कक्षा १-३ का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | लिङ्ग | अपाङ्गता भए कुन श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/अस्थायी/राहत/गा.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिकयोग्यताकोमूल विषय | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | पदस्थापन कसरी भएको हो* | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | तह | विषय | | | | |
| | | | | | | | | |
| | * नोट: कार्यक्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्ला | | | | | | | |

| क्र स | विद्यालयको नाम | तह | वडा | टोल | सञ्चालित कक्षा | मिलान पछि कायम भएको दरबन्दी | प्राथमिकताक्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अङ्कमा | अक्षरमा | |
| १ | | मावि | | | कक्षा १२ सम्म | | | | |
| २ | | मावि | | | कक्षा १२ सम्म | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | |

नोट : मिलानपछि कायम भएको दरबन्दी सङ्ख्या भरेर मात्र शिक्षकहरुलाई विद्यालय छनौट फाराम वितरण गर्ने । जान चाहेको विद्यालयको नाम हेरेर तलको सबै तेर्सो कोठाहरुमा फाराम भर्ने शिक्षकले क्रमशः cङ्कमा १,२,३,.... र अक्षरमा एक. दुई,तीन .... लेख्दै जाने ।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ख) खण्ड (क) बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ग) खण्ड (क) र (ख) बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता ।

(घ) खण्ड (क),(ख),र (ग) बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम । यदि खुला,कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा ।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमशः १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु । विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण गाउँपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु ।

शिक्षकको सही:........................... नाम: .................. मिति: ...............

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: .................. नाम:....................... छाप: ............ मिति: .............

## ख. आधारभूत तह कक्षा १-५ का लागिविद्यालय छनौट फाराम

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणो | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/अस्थायी/राहत/गा.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | पदस्थापन कसरी भएको हो* | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | तह | विषय | | | | |
| | | | | | | | | |

| क्र. सं. | विद्यालयको नाम | तह | वडा | टोल | सञ्चालित कक्षा | मिलान पछि कायम भएको दरबन्दी | प्राथमिकताक्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अङ्कमा | अक्षरमा | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | |

नोट : मिलानपछि कायम भएको दरबन्दी सङ्ख्या भरेर मात्र शिक्षकहरुलाई विद्यालय छनौट फाराम वितरण गर्ने । जान चाहेको विद्यालयको नाम हेरेर तलको सबै तेर्सो कोठाहरुमा फाराम भर्ने शिक्षकले क्रमशः ृङ्कमा १,२,३,.... र अक्षरमा एक. दुई,तीन.... लेख्दै जाने ।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ख) खण्ड (क) बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ग) खण्ड (क) र (ख) बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता ।

(घ) खण्ड (क),(ख),र (ग) बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम । यदि खुला,कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा ।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमशः १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु । विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण गाउँपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु ।

शिक्षकको सही:........................... नाम: .................. मिति: ...............

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: .................. नाम:....................... छाप: ............ मिति: .............

## ग. आधारभूत तह कक्षा ६-८ का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/अस्थायी/राहत/गा.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | पदस्थापन कसरी भएको हो* | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | तह | विषय | | | | |
| | | | | | | | | |

विद्यालय छनौट फाराम

| क्र. सं | विद्यालय को नाम | तह | वडा | टोल | सञ्चालित कक्षा | मिलानपछि कायम भएको दरबन्दी | | | | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाली | अङ्गरेजी | गणित विज्ञान | सामाजिक | अङ्कमा | अक्षरमा | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | | | | |

नोट : मिलानपछि कायम भएको दरबन्दी सङ्ख्या भरेर मात्र शिक्षकहरुलाई विद्यालय छनौट फाराम वितरण गर्ने । जान चाहेको विद्यालयको नाम हेरेर तलको सबै तेर्सो कोठाहरुमा फाराम भर्ने शिक्षकले क्रमश: cङ्कमा १,२,३,.... र अक्षरमा एक. दुई,तीन .... लेख्दै जाने ।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ख) खण्ड (क) बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ग) खण्ड (क) र (ख) बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता ।

(घ) खण्ड (क), (ख), र (ग) बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम । यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश: कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा ।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमश: १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु । विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण गाउँपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु ।

शिक्षकको सही:.......................... नाम: ................. मिति: ...............

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: ................. नाम:...................... छाप: ........... मिति: ............

ध्यमिक तह कक्षा ९-१० का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/अस्थायी/राहत/गा.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिकयोग्यताकोमूल विषय | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | पदस्थापन कसरी भएको हो* | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | तह | विषय | | | | |
| | | | | | | | | |

विद्यालय छनौट फाराम

| क्र. सं. | विद्यालयको नाम | तह | वडा | टोल | सञ्चालित कक्षा | मिलानपछि कायम भएको दरबन्दी | | | | | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाली | अङ्गरेजी | गणित | विज्ञान | सामाजिक | अङ्कमा | अक्षरमा | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | | | | | |

नोट : मिलानपछि कायम भएको दरबन्दी सङ्ख्या भरेर मात्र शिक्षकहरुलाई विद्यालय छनौट फाराम वितरण गर्ने । जान चाहेको विद्यालयको नाम हेरेर तलको सबै तेर्सो कोठाहरुमा फाराम भर्ने शिक्षकले क्रमश: cङ्कमा १,२,३,.... र अक्षरमा एक. दुई,तीन .... लेख्दै जाने ।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ख) खण्ड (क) बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ग) खण्ड (क) र (ख) बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता ।

(घ) खण्ड (क), (ख), र (ग) बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम । यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश: कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा ।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमश: १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु । विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण गाउँपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु ।

शिक्षकको सही:.......................... नाम: ................. मिति: ..............

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: ................. नाम:...................... छाप: ........... मिति: ............

## घ. माध्यमिक तह कक्षा ११-१२ का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/अस्थायी/राहत/गा.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | पदस्थापन कसरी भएको हो* | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | तह | विषय | | | | |
| | | | | | | | | |

विद्यालय छनौट फाराम

| क्र. सं. | विद्यालयको नाम | तह | वडा | टोल | सञ्चालित कक्षा | मिलनपछि कायम हुने दरबन्दी | | | | | | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाली | अङ्गरेजी | सामाजिक | ऐच्छिक प्रथम | ऐच्छिक द्रवीतय | थप ऐच्छिक | अङ्कमा | अक्षरमा | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | | | | | | |

नोट : मिलानपछि कायम भएको दरबन्दी सङ्ख्या भरेर मात्र शिक्षकहरुलाई विद्यालय छनौट फाराम वितरण गर्ने । जान चाहेको विद्यालयको नाम हेरेर तलको सबै तेर्सो कोठाहरुमा फाराम भर्ने शिक्षकले क्रमशः cङ्कमा १,२,३,.... र अक्षरमा एक. दुई,तीन.... लेख्दै जाने ।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ख) खण्ड (क) बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता ।

(ग) खण्ड (क) र (ख) बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता ।

(घ) खण्ड (क), (ख), र (ग) बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम । यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा ।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमशः १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु । विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण गाउँपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु ।

शिक्षकको सही:........................... नाम: ................. मिति: ..............

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: ................. नाम:...................... छाप: ........... मिति: ............

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,

लाल प्रशाद ढकाल

प्रमुख प्रशासकय अधिकृत